सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३८
वैशाख, २०८०

# नेपालको दूरसञ्चारसम्बन्धी विधेयकको विश्लेषण

## अभिव्यक्ति, प्रेस तथा गोपनीयताको हकमा प्रभाव

भुवन केसी र उज्वल प्रजापति

## परिचय

लोकतन्त्रमा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, गोपनीयता तथा सूचनाको हक, मानव अधिकार नागरिकका नैसर्गिक अधिकार हुन् । नागरिकका हक अधिकारलाई सम्मान तथा प्रबर्द्धन गर्दै देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न तथा राष्ट्रिय सुरक्षा र आन्तरिक सुरक्षा कायम गर्नु सरकारको जिम्मेवारी हो । तर, राज्यले बेला बेलामा विभिन्न बाहनामा संविधानको मौलिक अधिकारमा प्रत्याभूत गरिएका अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, सूचना तथा गोपनीयताको हक लगायतमा धावा बोल्ने र नागरिकको सूचनामाथि निगरानी तथा नियन्त्रणका लागि प्रयास गरेको पाइन्छ ।

यहाँ अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र गोपनीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता, नागरिकाको सूचनामाथि राज्यले गर्न खोजेको निगरानी, दूरसञ्चारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा उल्लेखित प्रावधानहरूले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र गोपनीयताको हकमा पार्न सक्ने असर र विधेयकमा गरिनुपर्ने संशोधन लगायतका पक्षमा चर्चा गरिएको छ ।

## अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र गोपनीयता सम्बन्धी प्रावधान

सन् १९४८ मा जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने उल्लेख छ ।

घोषणापत्र अनुसार यस अधिकारमा विना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देज विना कुनैपनि माध्यममार्फत् सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समेत समावेश हुनेछ ।

त्यसैगरी धारा १२ मा कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्रचारमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानुनी आक्रमण नै गरिने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ भन्ने प्रावधान छ ।

सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई विना हस्तक्षेप आफ्ना विचार राख्न पाउने र प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ भन्ने व्यवस्था राखेको पाइन्छ । त्यसैगरी सीमाको बन्देज विना, मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफ्नो छनौटको अन्य कुनै माध्यममार्फत् सबै किसिमका सूचना र विचार प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन् भनिएको छ । धारा ९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार हुने र कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिमबाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन भन्ने उल्लेख छ ।

त्यसैगरी धारा १७ (१) मा कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप गरिने छैन, न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानुनी आक्रमण नै गरिने छ भनिएको छ । सोही धाराको उपधारा (२) मा भनिएको छ-प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था राखेको पाइन्छ ।
नेपालको संविधान २०७२ को प्रस्तावनामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूत गरिएको छ । मौलिक हकअन्तर्गत धारा १७ मा स्वतन्त्रताको व्यवस्था गरिएको छ । सोही धाराको उपधारा (२) (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यवस्था छ । यस्तै उपधारा (३) मा खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरूद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने लगायतका कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ ।

संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था छ । जसमा सामग्री प्रकाशन तथा प्रसारण पूर्व प्रतिबन्ध नलगाउने, कुनै सामग्री प्रकाशन तथा प्रसारण गरेबापत कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने, कानुन बमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन भनिएको छ । तर, त्यसमा नै अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन भन्ने प्रावधान पनि छ । यस्तै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने प्रावधान पनि सञ्चारको हकअन्तर्गत राखिएको छ ।

संविधानको धारा २७ मा सूचनाको हकको व्यवस्था छ । जसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भनिएको छ । यस्तै धारा २८ मा गोपनीयताको हकअन्तर्गत कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिमबाहेक अनतिक्रम्य हुनेछ

उल्लेख छ ।
वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५ को दफा ११ मा प्रत्येक व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक गोपनीयताको अधिकार हुने व्यवस्था उल्लेख छ । तर, फौजदारी कसुरको अनुसन्धान वा अभियोजनको सिलसिलामा अधिकार प्राप्त अधिकारीले आदेश दिएमा परीक्षण गर्न वा गराउन सक्ने प्रावधान छ ।

यस्तै दफा १९ मा विद्युतीय माध्यमको गोपनीय हुने व्यवस्था छ । त्यसैको उपदफा (३) मा कसैले पनि कुनै दुई वा दुइभन्दा बढी व्यक्तिहरूबीचमा विद्युतीय माध्यमबाट भएका कुनै संवाद वा कुराकानी सम्बन्धित व्यक्तिहरूले मञ्जुरी दिएको वा कानुन बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएमाबाहेक कुनै यान्त्रिक उपकरणको प्रयोग गरी सुन्न वा त्यस्तो कुराको ध्वानिअंकन वा रेकर्ड गर्न वा गराउन हुँदैन भनिएको छ ।

मुलुकी देवानी संहिता २०७४ को दफा २० मा कानुन बमोजिमबाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने उल्लेख छ भने आफ्नो विचार राख्ने तथा अभिव्यक्त गर्ने अधिकारको व्यवस्था गरिएको छ । दफा २१ को (ख) मा कानुन बमोजिमबाहेक कसैले सम्बन्धित व्यक्तिको मञ्जुरी नलिइ टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली, ध्वानिको टेप वा रेकर्ड गरेमा वा सुनेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने छ ।

२०७६ सालमा संसदमा पेस भएको नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा राष्ट्रिय अनुसन्धान विभागलाई प्रभावकारी बनाउन भन्दै फोन ट्यापिङको अधिकार दिने प्रयास गरिएको थियो । विधेयकको दफा १० मा सूचना संकलन सम्बन्धी विशेष व्यवस्था थियो । जसमा ऐन बमोजिम सूचना संकलन तथा प्रतिगुप्तचरी क्रियाकलापका सिलसिलामा विभागले संदिग्ध वा निगरानीमा रहेका व्यक्ति, संघ संस्थाबाट सार्वजनिक सञ्चार माध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय संकेत वा विवरणलाई निगरानी, अनुगमन र इन्टरसेप्शन गर्न तथा अभिलेख गर्न सक्ने व्यवस्था थियो । इन्टरसेप्शन भन्नाले सञ्चार सञ्जाललाई अनुगमन वा निगरानी गरी आवश्यकता अनुसार विषयवस्तु प्राप्त गर्ने कार्य सम्झनुपर्ने पनि विधेयकमा उल्लेख थियो । यसरी विधेयक ल्याउँदा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न तथा राष्ट्रिय सुरक्षा र आन्तरिक सुरक्षा कायम गर्न योगदान पुग्ने सरकारकारी भनाइ थियो ।[१]

राष्ट्रिय सभामा पेस भएको यस विधेयकमा उल्लेखित प्रावधानले नागरिकको स्वतन्त्रताको हकलाई कुण्ठित गर्ने, नागरिकका हरेक सूचना चुहावट हुने, गोपनीयता भंग हुने र स्वतन्त्रतालाई समाप्त गर्ने भन्दै त्यतिबेला प्रतिपक्षीमा रहेको नेपाली काँग्रेसले विधेयक फिर्ता लिन माग गरेको थियो ।[२] पछि विधेयक फिर्ता नभइ राष्ट्रिसभाबाट पारित भइ प्रतिनिधिसभामा पठाइएको थियो ।

२०७७ कात्तिकमा फोन ट्यापिङसहितको प्रावधानसहित दूरसञ्चार सम्बन्धी विधेयक ल्याउने प्रयास भएको थियो । त्यतिबेला दूरसञ्चार प्राधिकरणले तयार गरेको मस्यौदा सञ्चार मन्त्रालय पुगे पनि त्यहाँ रहेका प्रावधानबारे आलोचना भएपछि सरकार संसद्मा दर्ता गर्न हच्किएको थियो । सोही मस्यौदामा परिमार्जनसहित विधेयक फेरि ल्याइएको हो । दुई वर्षअघिको मस्यौदामा कुराकानी रेकर्ड गर्न पाउने व्यवस्था दफा ८१ मा थियो भने अहिले दफा ७७ मा छ ।[३] २०७५ देखि २०७७ का बीचमा नेकपा नेतृत्वको सरकारले नागरिकका गोपनीयता र अभिव्यक्ति स्वतन्त्रतामा दखल पुग्ने खालका कानुन ल्याउन खोजेको थियो । त्यसबेला प्रतिपक्षीमा रहेको काँग्रेसले कम्युनिस्ट सरकारले निरङ्कुशता लाद्न खोजेको भन्दै विरोध गरेको

१ नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक । Retrieved April 5, 2023 from https://na.parliament.gov.np/uploads/attachments/fq4l2pxhncrmbtso.pdf

२ साउद, नरेन्द्र । २०७६, पुस २ । नेपाल विधेष सेवा विधेयक : व्यक्तिगत फोन ट्यापिङ । Retrieved April 4, 2023 from https://annapurnapost.com/news/143350/

३ बस्नेत, मनबहादुर । २०७९, चैत्र १० । अभिव्यक्ति स्वतन्त्रतामा दखल पुग्ने कानुन बारम्बार किन ल्याउँछ सरकार ? Retrieved April 3, 2023 from https://www.himalkhabar.com/news/134988

थियो । तर, अहिले काँग्रेसकै साझेदारीमा रहेको नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले अघिल्लो सरकारकै पालामा अस्वीकृत कानुन फेरि ब्यूँताउन खोजेको छ । काँग्रेस चाहिँ चूपचाप समर्थक बनेको छ ।[४]

सूचना प्रविधिको सम्बन्धमा बनेको विधेयक २०७५ को दफा ६७ वैयक्तिक विवरण संकलन गर्न नहुने प्रावधानअन्तर्गत प्रचलित कानुन बमोजिम बाहेक कसैको पनि विद्युतीय स्वरूपमा रहेको कसैको वैयक्तिक विवरण संकलन गर्न हुँदैन भन्ने प्रावधान राखिएको थियो । विधेयक प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिबाट पारित भएपनि प्रतिनिधिसभाको पूर्ण बैठकमा निणयार्थ पेस गरिएको थिएन ।

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) सुरू गर्ने तयारी गरेको थियो । भन्सार छलेर अवैध आयात गरिएका, हराएका र चोरी भएका मोबाइल फोन आईएमईआई (इन्टरनेशनल मोबाइल इक्विप्मेन्ट आइडेन्टिटी) नम्बरमार्फत 'ट्र्याक' गरेर नियन्त्रणमा लिन एमडीएमएस सुरू गर्न लागेको थियो । गोपनीयताको हिसाबले त्यसमा पनि समस्या हुन सक्छ । एमडीएमएसले टेलिकममार्फत नागरिकका गोप्य सन्देश र फोन कलमा सजिलै पहुँच पुऱ्याउँछ ।[५] तर, विदेशमा रहेका नेपाली लगायतले विरोध गरिरहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशनमा एमडीएमएस रोकियो ।[६]

नागरिकको सूचनामाथि नियन्त्रण गर्ने र त्यसलाई दुरूपयोग गर्ने प्रयास विगतमा पनि भएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त हुँदा लोकमानसिंह कार्कीले राष्ट्रिय अनुसन्धान विभाग र नेपाल प्रहरीलाई प्रयोग गरेर राजनीतिक दलका नेता र नागरिकमाथि जासूसी बढाएका थिए ।[७] बेला बेलामा आफ्नो अनुकूल अडियो भिडियो सार्वजनिक भएका घटना पनि छन् । प्रहरीले नागरिकको निगरानी उपकरणमार्फत लिएको नागरिकहरूको भिडियो र अडियो प्रहरीले नै जथाभावी सार्वजनिक गरेका उदाहरण पनि हामीसामु छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गायिका आस्था राउत र प्रहरीबीच भएको विवादको सीसीटीभी फुटेज सार्वजनिक गर्नु र विमानस्थलबाटै हराएको ३३ किलो सुन काण्डबारे अनुसन्धान गर्ने आफ्नै प्रहरी अधिकारीहरूको अडियो वार्ता सार्वजनिक गर्नु यस्तै दुरूपयोगका पछिल्ला घटना हुन् ।[८] १८ जेठ २०६९ मा काठमाडौंको शंखमुलमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश रणबहादुर बमको हत्या अनुसन्धानका लागि प्रहरीले पाँच लाख मोबाइल प्रयोगकर्ताको कल डिटेल र ३० हजारको एसएमएस संकलन गरेको थियो । त्यसबेला निर्दोष व्यक्तिका कल डिटेल सार्वजनिक पनि भए ।[९]

त्यसपछि नेपालको अन्तरिम संविधानको धारा २८ ले प्रत्याभूत गरेको नागरिकको गोपनीयताको हक कुण्ठित हुने गरी व्यक्तिगत तथ्यांक संकलन र सार्वजनिक गरेको भन्दै सरकार विरूद्ध सर्वोच्च अदालतमा मुद्दा पऱ्यो । सर्वोच्चका तत्कालिन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश देवेन्द्रगोपाल श्रेष्ठको संयुक्त इजलासले २०७२ साल माघ २१ गते उत्प्रेषणयुक्त परमादेश जारी गर्दै निर्दोष व्यक्तिका सूचना ससंकलनलाई गैरकानुनी ठहर गऱ्यो । र, अदालतको आदेशमा मात्र फोन ट्यापिङ गर्न आदेश दियो । जसमा भनिएको थियो- 'कानुनबमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरूरी भई सूचनामा पहुँचको लागि अनुमति दिने प्रयोजनको लागि कानुनमा अन्यथा व्यवस्था नभएसम्म सम्बन्धित जिल्ला अदालतबाट अनुमति लिने व्यवस्था मिलाउनु ।' त्यसैगरी अदेशमा भनिएको थियो- 'अपराध अनुसन्धान छुट्टै विधा भएकाले राज्यले त्यसलाई हरहालतमा चुस्त दुरूस्त राख्नुपर्दछ । तर त्यसको लागि वैज्ञानिक तवरले भौतिक सबुद प्रमाण

४ ऐऐ https://www.himalkhabar.com/news/134988

५ सापकोटा, राम । २०७६, माघ १५ । जनताको जासुसीमा सरकार । Retrieved April 4, 2023 from https://nkp.gov.np/full_detail/8741 https://www.himalkhabar.com/news/111211

६ प्रधानमन्त्रीको निर्देशनपछि प्राधिकरणले स्थगित गऱ्यो 'एमडिएमएस' । २०७९, पुस १५ । Retrieved April 4, 2023 from https://www.dcnepal.com/2022/12/436303/

७ सापकोटा, राम । २०७६, माघ १५ । जनताको जासुसीमा सरकार । Retrieved April 4, 2023 from https://nkp.gov.np/full_detail/8741 https://www.himalkhabar.com/news/111211

८ ऐऐ

९ ऐऐ

संकलनमा जोड दिनु सट्टा व्यक्तिको स्वेच्छाविरुद्धको साबिती हासिल गर्ने वा व्यक्तिको निजी गोप्य सूचनामा हस्तक्षेप गर्नेमा केन्द्रित हुने हो भने अनुसन्धान क्षमतामै जोड दिने कुरा गौण हुन पुग्दछ । कार्यपालिका स्वयम् पनि कानुन अधिन मात्रै कार्य गर्न सक्ने हुनाले सूचनामा अनियन्त्रित पहुँच कार्यपालिकाको विशेषाधिकार हुन सक्तैन । सूचनाहरु संग्रहित रहेको र त्यसको जिम्मा लिएका संस्था वा विभागले त्यसलाई आफ्नो तजबिजको विषय बनाउन सक्दैन ।' अदालतको यो आदेशले अदालतको अनुमतिमात्र सूचनामा पहुँच हुन सक्ने स्पष्ट पार्‍यो ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा कुनै फोन सूचनाको पहुँच र फोन ट्यापिङ सम्बन्धी फरक फरक व्यवस्था भएको पाइन्छ । अमेरिकी संविधानको चौथो संशोधनले कुनै पनि व्यक्ति पक्राउ गर्न अदालतबाट पूर्जी जारी भएपछि मात्र उसको टेलिफोन लगायतका विवरण अनुसन्धान गर्ने निकायले हेर्न पाउने व्यवस्था गरेको छ । बेलायतमा अनुसन्धान निकायहरुले गृहमन्त्रीबाट पक्राउ पुर्जी जारी गरेको अवस्थामा मात्र टेलिफोन लगायतका कुराकानी हेर्न पाउने व्यवस्था छ । त्यस्तै क्यानडामा न्यायाधीशबाट अनुमति लिएर मात्र कसैको टेलिफोन कुराकानी सुन्न र कल रेकर्ड हेर्न पाउने व्यवस्था छ भने जर्मनी र फ्रान्सले पनि न्यायाधीशको अनुमति लिनुपर्ने अनिवार्य व्यवस्था गरेका छन् । अस्ट्रेलियामा पनि कानुन कार्यान्वयन गर्ने निकायले पक्राउ पुर्जी जारी भएपछि टेलिफोन कुराकानी रेकर्ड गर्न पाउने व्यवस्था दूरसञ्चार ऐनमै गरिएको छ ।

नेपालमा विद्युतीय कारोबार ऐन २०६३ मा गोपनीयता भंग गरेमा कारबाहीको व्यवस्था छ । ऐनको दफा ४८ मा यस ऐन अन्तर्गत बनेका नियमहरू वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू अन्तर्गत प्रदान गरिएको कुनै अधिकार बमोजिम कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा अन्य पहुँच सामग्रीहरूमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भंग गरेमा वा भंग गर्न लगाएमा निजलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा दुई वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

त्यसैगरी दफा ४७ मा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई १ लाख रूपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने उल्लेख छ । तर, ऐनको यो दफाको पनि बेला बेलामा दुरूपयोग भएको पाइएको छ । फ्रिडम फोरमका अनुसार ऐनको प्रयोग गरि नागरिक, कलाकार र पत्रकारको अभिव्यक्ति स्वतन्त्रता र वाक स्वतन्त्रतालाई कुण्ठित गर्ने अभ्यास भएका छन् ।[१०] त्यसैगरी एमनेष्टइन्टिनेशनलको प्रतिवेदनमा पनि सरकारी अधिकारीहरूले पत्रकार र अन्य व्यक्तिहरूलाई स्वेच्छाचारी तवरले हिरासतमा लिन ऐनको प्रयोग जारी राखेको र खास गरी सरकार र सत्तारूढ दलका नेताहरूको आलोचना गर्नेहरूलाई लक्षित गरेको उल्लेख छ ।[११]

१० साइबर अपराध र विद्युतीय कारोबार ऐनको कार्यान्वनको अवस्था । April 11, 2022 Retrieved April 4, 2023 from https://freedomforum.org.np/podcast/124-

११ सरकारले विधुतीय कारोबार ऐनको दुरूपयोग गर्‍यो : एमनेस्टी इन्टरनेशनल । २०७८, चैत्र १५ । Retrieved April 4, 2023 from https://farakdhar.com/story/79736/

# नागरिकका मौलिक अधिकारमा आँच पुऱ्याउन सक्ने दूरसञ्चारसम्बन्धी विधेयकका मुख्य प्रावधान

सरकारले दूरसञ्चार सेवालाई प्रतिष्पर्धी, भरपर्दो, सुरक्षित, सर्वसुलभ बनाउन, दूरसञ्चार सेवाको प्रभावकारी नियमन गर्न तथा दूरसञ्चार सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण विधेयक तयार पारेको छ । संघीय संसदमा दर्ता भइनसकेको विधेयकको प्रारम्भिक मस्यौदामा दूरसञ्चार प्राधिकरणको स्थापना र गठन, प्राधिकरणको काम, कर्तव्य र अधिकार, नेपाल सरकारका विशेष अधिकार, फ्रिक्वेन्सी नीति निर्धारण सम्बन्धी व्यवस्था, दूरसञ्चार विकास कोष लगायत, विविध लगायतको व्यवस्था राखिएको छ । तर, विधेयकमा राखिएका कतिपय प्रावधानहरू अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र गोपनीयताको अधिकारबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यतासँग मेल खाने खालका छैनन् ।

विधेयकको दफा ७७ मा सेवा प्रदायक प्रणालीमा सोझै पहुँच सम्बन्धी व्यवस्था छ । सोही दफाको (१) मा भनिएको छ–'नेपालको सार्वभौमसत्ता, अखण्डता एवं राष्ट्रिय हित विपरित तथा राज्यद्रोह, अपराध वा संगठीत अपराध वा फौजदारी अपराध लगायतका क्रियाकलाप गरेको विषयमा नेपाल सरकारको अधिकार प्राप्त अनुसन्धान गर्ने निकायले जुनसुकै व्यक्तिको पनि कुराकानी रेकर्ड गर्ने लगायतका पहिचान खुल्ने तथा सेवा सम्बन्धी अन्य विवरणहरू अनुसन्धानका लागि सेवा प्रदायकहरूबाट प्राप्त गर्न सक्नेछ ।' उपदफा (२) मा उपदफा (१) बमोजिमको कार्यका लागि उपयुक्त प्रविधिको प्रयोग गरि सेवा प्रदायकहरूको प्रणालीमा सोझै पहुँच पाउने गरी संयन्त्र जडान गर्न र सूचनामा पहुँच पाउने व्यवस्था तोकिए बमोजिम हुने उल्लेख छ । यो प्रावधान अदालतको अनुमति लिएर मात्र सूचनामा पहुँच हुन सक्ने सर्वोच्च अदालतको आदेश भन्दा फरक मनसायबाट आएको देखिन्छ । सार्वभौमसत्ता, राष्ट्रिय हित र अपराधजस्ता विषयको बृहत् अर्थ हुन्छ, त्यसको व्याख्या सरकारी अधिकारीले चाहेअनुसार हुने भएकाले यसको दुरूपयोग हुने जोखिम छ । सत्ताले प्रतिपक्षी दलका नेता, नागरिक समाज, आलोचक तथा मिडियामाथि निगरानी गर्न कानुन र पूर्वाधार दुरूपयोग गर्ने जोखिम छ । छिमेकी भारतमा समेत सरकारको आलोचना गर्ने व्यक्तिहरूलाई राज्यद्रोहको मुद्दा लगाउने गरिएको छ ।[१२] सरकारी पक्षको भनाइ भने फरक छ । दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनालको राज्यलाई आपत् परेका बेला अनुमति लिनका लागि अदालत जान सम्भव नहुने भएकाले निश्चित व्यक्तिको कल लग' मा राज्यको पहुँच हुने गरी कानुन ल्याउन लागेका तर्क छ । सर्वोच्च अदालतले पनि कानुन नबनुन्जेल जिल्ला अदालतको आदेश लिएर गर, कानुन बनेपछि कार्यान्वयन गर भनेकाले सर्वोच्च अदालतको आदेश पालना गर्दै कानुन बनाउन लागेको धारणा खनालको छ ।[१३]

विधेयकको दफा २१ को उपदफा (१) को (क) मा नेपाल सरकारको विशेषाधिकार राखिएको छ । जसमा संकटकालिन अवस्था परी दूरसञ्चार प्रणाली प्रयोग गरि हुने सूचना, खबर तथा श्रव्यदृश्यको आदान-प्रदानमा रोक लगाउनु पर्ने आवश्यकता देखिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले जडान गरेको, सञ्चालन गरेको वा रेखदेख गरिरहेको दूरसञ्चार लाइन र दूरसञ्चार प्रणालीलाई अस्थायी तवरमा आफ्नो नियन्त्रणमा लिने व्यवस्था छ । यस्तै सोही उपदफाको (ख) मा राष्ट्रिय सुरक्षा, राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, सार्वजनिक नीति, नैतिकता, सदभाव, सदाचार र सुरक्षाको प्रतिकूल हुने सूचना, खबर तथा श्रव्यदृश्यको आदान प्रदानमा रोक लगाउन आदेश दिन सक्ने व्यवस्था छ । (ग) मा अनुमति पत्र बहाल नगरेहका वा अनुमतिपत्र रद्ध भएका दूरसञ्चार कम्पनीको सेवा सुचारू राख्ने र त्यस्ता कम्पनीको सम्पत्ति व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम गर्ने प्रावधान राखिएको छ ।

---

१२ दाहाल, मातृका र बराल, सजना । २०७९, चैत्र ८ । नागरिकका फोन सरकारले रेकर्ड गर्न पाउने गरी विधेयकको तयारी । Retrieved April 4, 2023 from https://ekantipur.com/news/2023/03/22/167944572737485393.html

१३ ऐऐ

| दफा | समस्या रहेका प्रावधानहरू |
|---|---|
| २१ (१) (क) | संकटकालिन अवस्था परी दूरसञ्चार प्रणाली प्रयोग गरि हुने सूचना, खबर तथा श्रव्यदृश्यको आदान-प्रदानमा रोक लगाउनु पर्ने आवश्यकता देखिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले जडान गरेको, सञ्चालन गरेको वा रेखदेख गरिरहेको दूरसञ्चार लाइन र दूरसञ्चार प्रणालीलाई अस्थायी तवरमा आफ्नो नियन्त्रणमा लिने |
| २१ (१) (ख) | राष्ट्रिय सुरक्षा, राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, सार्वजनिक नीति, नैतिकता, सदभाव, सदाचार र सुरक्षाको प्रतिकूल हुने सूचना, खबर तथा श्रव्यदृश्यको आदान प्रदानमा रोक लगाउन आदेश दिन सक्ने |
| २१ (१) (ग) | अनुमति पत्र बहाल नगरेका वा अनुमतिपत्र रद्ध भएका दूरसञ्चार कम्पनीको सेवा सुचारू राख्ने र त्यस्ता कम्पनीको सम्पत्ति व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम गर्ने |
| ५० (१) | खास अवधिका लागि सेवा बन्द सम्बन्धी व्यवस्था : (क) दूरसञ्चार लाइन वा दूरसञ्चार प्रणालीको जाँचबुझ, मर्मत सुधार वा विस्तार वा अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा (ख) कुनै ग्राहकले बुझाउनु पर्ने शुल्क नबुझाएमा त्यस्तो ग्राहकको हकमा (ग) कुनै ग्राहकले अनधिकृत रूपमा वा शर्त विपरित सेवा उपभोग गरेमा त्यस्तो ग्राहकको हकमा र (घ) मा प्राकृतिक प्रकोप, हुलदंगा तथा काबु बाहिरको असाधारण स्थिति परेमा |
| ५० (२) | उपदफा (१) बमोजिम दूरसञ्चार सेवा बन्द गर्दा बन्द हुने समय अगावै उपयुक्त समयमा सार्वजनिक सूचना जारी गर्नु पर्ने |
| ६७ | कुनै व्यक्तिले दूरसञ्चार सेवाको माध्यमबाट गाली गलौज गर्ने, धम्काउने वा अनावश्यक दु:ख दिने गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिको सेवा बन्द गराउन निर्देशन सक्ने |
| ७७ (१) | नेपालको सार्वभौमसत्ता, अखण्डता एवं राष्ट्रिय हित विपरित तथा राज्यद्रोह, अपराध वा संगठीत अपराध वा फौजदारी अपराध लगाउतका क्रियाकलाप गरेको विषयमा नेपाल सरकारको अधिकार प्राप्त अनुसन्धान गर्ने निकायले जुनसुकै व्यक्तिको पनि कुराकानी रेकर्ड गर्ने लगायतका पहिचान खुल्ने तथा सेवा सम्बन्धी अन्य विवरणहरू अनुसन्धानका लागि सेवा प्रदायकहरूबाट प्राप्त गर्न सक्ने |
| ७७ (२) | उपदफा (१) बमोजिमको कार्यका लागि उपयुक्त प्रविधिको प्रयोग गरि सेवा प्रदायकहरूको प्रणालीमा सोझै पहुँच पाउने गरी संयन्त्र जडान गर्न र सूचनामा पहुँच पाउने व्यवस्था तोकिए बमोजिम हुने |
| ७९ (१) | कुनै व्यक्तिले कुनै अपराध गर्न टेलिफोन, मोबाइल फोन वा अन्य प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरिरहेको वा गर्न लागेको वा विधुतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरिरहेको छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिइ त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्न सम्बन्धित निकाय, अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्ने |
| ७९ (२) | उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार निष्कृय गर्नु वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्नुपर्ने |
| ८० (१) | कुनै व्यक्तिले कुनै अपराध गर्न टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरेको पाइएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिइ त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराइदिन सम्बन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई आदेश दिन सक्ने |
| ८० (२) | उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको सञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउनुपर्ने |

दफा २१ को उपदफा (२) मा उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अवस्था समाप्त भएपछि नेपाल सरकारले आफ्नो नियन्त्रणमा लिएको वा रोक लगाएको दूरसञ्चार लाइन र दूरसञ्चार प्रणाली सम्बन्धित अनुमति प्राप्त व्यक्तिलाई फिर्ता दिनु पर्नेछ भन्ने

उल्लेख छ । सञ्चार मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदी साइबर सुरक्षा बलियो बनाउन विधेयक ल्याउन लागिएको र यसबाट कसैको स्वतन्त्रता संकुचित नहुने दाबी गर्छन् । फोन रेकर्ड गर्ने, दु:ख दिने भन्नेमा जानु हुँदैन । अनुसन्धान प्रयोजनका लागि टेलिफोन वा सञ्चारको विवरण माग गर्न सक्ने प्रावधान हो । सामान्य अवस्थामा त्यसो गर्ने आशय होइन भन्ने उनको भनाइ छ ।[१४] तर, विशेषाधिकार भन्दै विधेयकमा उल्लेखित यी प्रावधान राज्यपक्षको नियतमा खराब हुनासाथ दुरूपयोग हुन सक्छ र संविधानमा व्यवस्था गरिएको सञ्चारको हकमा आँच पुग्न सक्छ । २०६१ साल माघ १९ गते निर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरी मुलुकमा राजाको प्रत्यक्ष शासन सुरू गर्दा सञ्चार सेवा अवरूद्ध गरिएको थियो ।

विधेयकको दफा ३७ मा कसैले पनि आफूखुशी दूरसञ्चार सेवा अवरूद्ध वा बन्द गर्न पाउने छैन, कुनै दूरसञ्चार सेवा प्रदायकले आफ्नो काबुभन्दा बाहिरको अवस्था परी दूरसञ्चार सेवा अवरूद्ध वा बन्द गरेमा सोको जानकारी तत्काल प्राधिकरणलाई गराउनुपर्नेछ, दूरसञ्चार सेवा अवरूद्ध वा बन्द गरेको जानकारी प्राप्त भएमा प्राधिकरणले सो सम्बन्धमा जाँचबुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ र दूरसञ्चार सेवा अवरूद्ध गर्दा ग्राहकलाई असर पर्ने भएमा सार्वजनिक रूपमा पूर्व सूचना जारी गर्नुपर्नेछ भन्ने प्रावधान राखिएको छ । तर, विधेयकको दफा ५० को उपदफा १ मा खास अवधिका लागि सेवा बन्द सम्बन्धी व्यवस्था राखिएको छ । त्यो दफा ३७ को दूरसञ्चार सेवा बन्द नगर्ने व्यवस्थासँग त्यतिधेरै तालमेल खाँदैन । दफा ५० को (१) को (क) मा दूरसञ्चार लाइन वा दूरसञ्चार प्रणालीको जाँचबुझ, मर्मत सुधार वा विस्तार वा अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा, (ख) मा कुनै ग्राहकले बुझाउनु पर्ने शुल्क नबुझाएमा त्यस्तो ग्राहकको हकमा (ग) मा कुनै ग्राहकले अनधिकृत रूपमा वा शर्त विपरित सेवा उपभोग गरेमा त्यस्तो ग्राहकको हकमा र (घ) मा प्राकृतिक प्रकोप, हुलदंगा तथा काबु बाहिरको असाधारण स्थिति परेमा भन्ने प्रावधान राखिएको छ । उपदफा (२) मा उपदफा (१) बमोजिम दूरसञ्चार सेवा बन्द गर्दा बन्द हुने समय अगावै उपयुक्त समयमा सार्वजनिक सूचना जारी गर्नु पर्नेछ भन्ने उल्लेख छ । प्राकृतिक प्रकोप, हुलदंगा तथा काबुबाहिरको असाधारण स्थिति परेमा बन्द गर्न सक्ने प्रावधान पनि दुरूपयोग हुन सक्छ किनकि राज्यले आफ्नो प्रतिकूल हुन सक्ने ठानेमा यसैलाई बाहना बनाउन सक्छ ।

विधेयको दफा ६७ मा प्राधिकरणले सेवा बन्द गराउन सक्ने व्यवस्था राखिएको छ । सोही दफामा कुनै व्यक्तिले दूरसञ्चार सेवाको माध्यमबाट गाली गलौज गर्ने, धम्काउने वा अनावश्यक दु:ख दिने गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिको सेवा बन्द गराउन निर्देशन सक्ने व्यवस्था राखिएको छ । दूरसञ्चार सेवा बन्द गर्नु भन्दा अघि सम्बन्धित व्यक्तिलाई सफाइको उचित मौका दिनु पर्ने प्रावधान पनि राखिएको छ । तर, यस्ता प्रावधानहरूलाई प्रतिशोध साध्न सक्ने माध्यम पनि बनाइन सक्छ ।

दफा ७९ मा सञ्चार सम्पर्क निष्कृय गर्न सक्ने प्रावधान राखिएको छ । सोही दफाको उपदफा (१) मा कुनै व्यक्तिले कुनै अपराध गर्न टेलिफोन, मोबाइल फोन वा अन्य प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरिरहेको वा गर्न लागेको वा विधुतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरिरहेको छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिइ त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्न सम्बन्धित निकाय, अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्ने व्यवस्था राखिएको छ । उपदफा (२) मा उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार निष्कृय गर्नु वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्नुपर्नेछ भन्ने प्रावधान रहेको छ ।

विधेयकको दफा ८० मा टेलिफोन वा सञ्चारको विवरण माग गर्न सक्ने व्यवस्था राखिएको छ । उपदफा (१) मा भनिएको छ–'कुनै व्यक्तिले कुनै अपराध गर्न

१४ ऐऐ

टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरेको पाइएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिइ त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराइदिन सम्बन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ ।' सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको सञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउनुपर्ने प्रावधान राखिएको छ ।

मस्यौदाको दफा ७९ र ८० मा पनि गोपनीयता र व्यक्तिगत हकअधिकार प्रतिकूल हुन सक्ने व्यवस्था छन् । यो व्यवस्थाअनुसार सरकारी अधिकारीहरु मिलेर कुनै पनि नागरिकका सञ्चार सम्बन्ध बिच्छेद पनि गर्न सक्नेछन् ।[१५] मस्यौदाका यी दफाले अपराधको अनुसन्धान गर्ने आवरणमा कुनै पनि सरकारी अधिकारीले नागरिकका हकअधिकार कुण्ठित र अतिक्रमण गर्ने जोखिम छ, यस्तो अवस्थामा अदालतको अनुमति आवश्यक पर्ने छैन । प्रचलित कानुनमा भने कुनै अपराधको अनुसन्धान गर्नुपर्ने अवस्थामा अदालतको अनुमतिमा मात्रै प्रहरी वा अनुसन्धान गर्ने निकायले दूरसञ्चार सेवा प्रदायकबाट व्यक्तिको विवरण लिन पाउने प्रावधान छ ।[१६]

# सुझावहरू

अहिले तयार पारिएको विधेयकमा अभिव्यक्ति स्वतन्त्रता र गोपनियकता हकलाई प्रभावपार्ने उल्लेखित निश्चित प्रावधानहरूलाई संशोधन गरी सरकारले संसद सचिवालयमा विधेयक दर्ता गर्न सक्छ । संसदमा पुगेपछि सम्बन्धित विषयको समिति र संसदको पूर्ण बैठकबाट पनि संशोधन हुन सक्छ । विधेयक संशोधन गर्दा देहायका पक्षमा ध्यान दिनुपर्ने देखिन्छ :

- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न तथा राष्ट्रिय सुरक्षा र आन्तरिक सुरक्षा कायम गर्नु सरकारको जिम्मेवारी हो । तर, त्यसोगर्दा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र गोपनीयतासम्बन्धी नागरिकको हक तथा अधिकारलाई सम्मान तथा ख्याल गर्नुपर्ने देखिन्छ ।

- नेपालको सार्वभौमसत्ता, अखण्डता एवं राष्ट्रिय हित विपरित तथा राज्यद्रोह, अपराध वा संगठीत अपराध वा फौजदारी अपराध लगायतका क्रियाकलाप गरेको विषयमा नेपाल सरकारको अधिकार प्राप्त अनुसन्धान गर्ने निकायले जुनसुकै व्यक्तिको पनि कुराकानी रेकर्ड गर्ने लगायतका पहिचान खुल्ने तथा सेवा सम्बन्धी अन्य विवरणहरू अनुसन्धानका लागि सेवा प्रदायकहरूबाट प्राप्त गर्ने प्रावधानलाई परिमार्जित गरी अदालतको अनुमतिमा मात्र सूचनामा पहुँच हुने व्यवस्था गर्दा उपयुक्त हुन सक्छ ।

- तथ्यांक निगरानी गर्ने उपकरण, सुन्न वा रेकर्ड गर्न सकिने उपकरण, अप्टिकल निगरानी गर्ने उपकरण, ट्र्याकिङ् उपकरण प्रयोग गरी प्राप्त गर्नुपर्ने सूचनाको पहुँचबारे छुट्टै र स्पष्टरूपमा प्रावधानहरू विधेयकमा राख्दा उपयुक्त हुन्छ । ऐनको दफा ७७ (२) मा उपयुक्त प्रविधिको प्रयोग सेवा प्रदायकहरूको प्रणाली सोझै पहुँच पाउने व्यवस्थाले कस्तो प्रणालीको कुरा गरेको हो, स्पष्टता आवश्यक छ । यसरी सरकारी

१५ दाहाल, मातृका र बराल, सजना । २०७९, चैत्र ८ । नागरिकका फोन सरकारले रेकर्ड गर्न पाउने गरी विधेयकको तयारी । Retrieved April 4, 2023 from https://ekantipur.com/news/2023/03/22/167944572737485393.html

१६ ऐऐ

तहबाट हुने यस प्रकारको इन्टरसेप्शन र सूचना पहुँच कुन प्रयोजनका लागि लिइएको थियो, प्रतिफल के आयो, कति संख्यामा गरिएको थियो, यस सम्बन्धी विवरण सार्वजनिक गर्ने व्यवस्था गरिनु पर्छ जसले गर्दा ती संस्था तथा अधिकारीको जवाफदेहितामा पनि सहयोग पुग्न सक्छ ।

- कुनै व्यक्तिले कुनै अपराध गर्न टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरेको वा विधुतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदानप्रदान गरेको पाइएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिइ त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराइदिन सम्बन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई आदेश दिन सक्ने प्रावधानको प्रयोग गर्दा गोपनीयता र व्यक्तिगत हकअधिकार प्रतिकूल नहुनेतर्फ ध्यान पुर्‍याउन आवश्यक हुन्छ । यस्तो आदेश अदालतको अनुमतिमा मात्र गर्नसक्ने व्यवस्था हुनुपर्छ ।

सेन्टर फर मिडिया रिसर्च-नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org